# मितेरी डेभलपमेण्ट बैंक लिमिटेड

# Miteri Development Bank Limited

Banking and beyond

प्रधान कार्यालयः महेन्द्रपथ, धरान ५, सुनसरी, नेपाल
फोन नं. : ०२५-५३१३१७/५३३५०५, फ्याक्सः ५३१३५४
E-mail: info@miteribank.com.np, Url:www.miteribank.com.np

## Unaudited Financial Results (Quarterly)

### As at the end of 30th Poush 2074 (14th Jan 2018)

*Rs. in '000'*

| S. No. | Particulars | This Quarter Ending 2074 Poush end | Previous Quarter Ending 2074 Ashoj end | Corresponding Previous Year QuarterEnding 2073 Poush end |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **3,721,465.00** | **3,464,839.00** | **2,914,495.00** |
| 1.1 | Paid Up Capital | 500,000.00 | 380,293.00 | 374,319.00 |
| 1.2 | Reserve and Surplus | 128,422.00 | 236,160.00 | 125,661.00 |
| | Proposed Dividend | - | - | - |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowing | - | - | - |
| **1.5** | **Deposits (a+b)** | **3,041,129.00** | **2,785,127.00** | **2,380,063.00** |
| | a. Domestic Currency | 3,041,129.00 | 2,785,127.00 | 2,380,063.00 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | - | 3,329.00 | - |
| 1.7 | Other Liability | 51,914.00 | 59,930.00 | 34,452.00 |
| **2** | **Total Asstes(2.1 to 2.7)** | **3,721,465.00** | **3,464,839.00** | **2,914,495.00** |
| 2.1 | Cash and Bank Balance | 218,102.00 | 174,634.00 | 148,955.00 |
| 2.2 | Money at Call and Short Notice | 758,526.00 | 780,128.00 | 544,628.00 |
| 2.3 | Investments | 10,471.00 | 471.00 | 471.00 |
| **2.4** | **Loan and advance(a+b+c+d+e+f)** | **2,660,531.00** | **2,446,898.00** | **2,167,580.00** |
| | a. Real Estate Loan | 135,349.00 | 148,805.00 | 135,017.00 |
| | 1. Residental Real Estate Loan ( Except Personal Home Loan upto Rs.80 Lacs) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land purchase & Plotting) | 135,349.00 | 148,805.00 | 135,017.00 |
| | b. Personal Home Loan of Rs. 80 Lacs or Less | 305,174.00 | 248,758.00 | 187,927.00 |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | 44,697.00 | 41,981.00 | 56,854.00 |
| | e. Overdraft Loan / Tr Loan / WC Loan | 684,981.00 | 646,686.00 | 612,671.00 |
| | f. Other | 1,490,330.00 | 1,360,668.00 | 1,175,111.00 |
| 2.5 | Fixed Assets | 29,544.00 | 23,873.00 | 20,362.00 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 44,291.00 | 38,835.00 | 32,499.00 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest Income | 201,546.00 | 108,120.00 | 154,560.00 |
| 3.2 | Interest Expenses | 127,483.00 | 64,862.00 | 65,724.00 |
| | **A. Net Interest Income(3.1-3.2)** | **74,063.00** | **43,258.00** | **88,836.00** |
| 3.3 | Fee, Commission and Discount | 982.00 | 440.00 | 838.00 |
| 3.4 | Other Operation Income | 25,871.00 | 11,599.00 | 18,445.00 |
| 3.5 | Foreign Exchange Gain/Loss | - | - | - |
| | **B. Total Operation Income(A.+3.3+3.4+3.5)** | **100,916.00** | **55,297.00** | **108,119.00** |
| 3.6 | Staff Expenses | 18,816.00 | 9,915.00 | 14,599.00 |
| 3.7 | Other Operating Expanses | 11,458.00 | 5,543.00 | 8,556.00 |
| | **C. Operating Profit Before Provision(B.-3.6-3.7)** | **70,642.00** | **39,839.00** | **84,964.00** |
| 3.8 | Provision for possible Lossess | 5,262.00 | 3,306.00 | 2,991.00 |
| | **D. Operating Profit(C-3.8)** | **65,380.00** | **36,533.00** | **81,973.00** |
| 3.9 | Non Operating Income /Expenses(Net) | 85.00 | 85.00 | 37.00 |
| 3.1 | Write Back Of Provision For Possible Lоss | - | - | - |
| | **E. Profit from Regular Acitivities(D+3.9+3.10)** | **65,465.00** | **36,618.00** | **82,010.00** |
| 3.11 | Extraordinary Income /Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes(E.+3.11)** | **65,465.00** | **36,618.00** | **82,010.00** |
| 3.12 | Provisoin for staff Bonus | 5,951.00 | 3,329.00 | 7,455.00 |
| 3.13 | Provision for Tax | 17,854.00 | 9,987.00 | 22,366.00 |
| | **G. Net Profit /Loss(F.-3.12-3.13)** | **41,660.00** | **23,302.00** | **52,189.00** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund To RWA (%) | 20.58 | 21.00 | 20.29 |
| 4.2 | Non Performing Loan(NPL) to Total Loan | 0.08% | 0.07% | 0.11% |
| 4.3 | Total Laon Loss Provision to Total NPL | 1267% | 1440% | 961% |
| 4.4 | Cost of Funds | 8.92% | 9.69% | 6.50% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 73.28% | 72.71% | 76.08% |
| 4.6 | Average Interest Spread (Calculated as per NRB Directives) | 7.12% | 7.28% | 8.36% |
| 4.7 | Base Rate | 12.31% | 12.69% | 9.40% |

*Note:* If the supervisory authority and statutory audit notify any remarks to change unaudited statement then it could be changed accordingly.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित )**

## आ.व. २०७४/०७५ को दोश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यस बैंकको दोश्रो त्रैमासिक अवधिको बासलात, नाफा-नोक्सान विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| | | |
|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिक) : रु. १६.६६ | मूल्य आम्दानी अनुपात (वार्षिक) : १९.५७ | प्रति शेयर नेटवर्थ : रु.१२५.६८ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु.७४४.२९ | तरलता अनुपात : ३२.११% | पूँजीकोष अनुपात : रु.२०.५८% |

**२. व्यवस्थापकिय बिश्लेषण :**

(क) यस अवधिमा बैंकको मौज्दात, आम्दानी तथा तरलताको अवस्था सन्तोषजनक नै रहेको छ ।

(ख) नयाँ नयाँ व्यवसायिक योजनाको विकास, लगानीका क्षेत्रहरुको खोजी, व्यवसाय विविधीकरण तथा गुणस्तरिय सेवा प्रदान गर्दै निक्षेपकर्ताको निक्षेपको उच्च सुरक्षासाथ शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने यस बैंकको उद्देश्य अनुरुप शाखा विस्तार एवं व्यवसायिक विविधिकरणमा जोड दिने नीति रहेको छ ।

(ग) देशमा विधमान राजनैतिक अस्थिरता, तरलताको अवस्थामा चाँडोचाँडो परिवर्तन आदिको कारणले नयाँ परियोजनाको अभाव हुन गई वित्तीय संस्थाहरु लगायत समग्र अर्थतन्त्रमा असर परेको भएता पनि बैंक बाट सुरक्षित नीति निर्देशनको तर्जुमा गरी व्यवस्थापनले अघि बढ्ने नीति लिएकोले संस्थाको मौज्दात नगद प्रवाहमा हालसम्म तात्विक असर परेको छैन । यस अवधिमा गत वर्षको तुलनामा निक्षेप तथा कर्जामा सामान्य वृद्धि भएको भएतापनि ब्याज खर्च अत्याधिक बढेको कारण नाफामा कमि आएको छ ।

(घ) देशमा निर्वाचन पश्चात आर्थिक गतिविधिले फड्को मार्ने तथा भविष्यमा नयाँ नयाँ अवसरको सृजना हुने अपेक्षा गर्न सकिन्छ, साथै बैंकहरु राष्ट्रिय स्तर र प्रादेशिक स्तर गरि दुई तह मात्र हुने सम्भावना समेत हुँदा कार्यक्षेत्र विस्तार हुन गै बैंकले दिर्घकालमा राम्रो प्रगति गर्न सक्ने सम्भावना समेत देखिन्छ ।

(ङ) नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम तिन जिल्ला कार्य क्षेत्र भएको विकाश बैंकले २०७३/०७४ को वित्तिय विवरण स्विकृत गर्दासम्म रु. ५० करोड पूँजी पुऱ्याउन आवश्यक मात्रामा बोनस शेयर जारी गरि पूँजी पुऱ्याई सकिएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा यस बैकले वा यस बैकको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) बैकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्बधमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बधमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको बिश्लेषण :**

यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भै कारोबार भैरहेको छ । शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ छ । तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउन पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) यस विकास बैंकको त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या : (नेपाल स्टक एक्सचेन्ज लि.को वेभसाईट **www.nepalstock.com** अनुसार) देहाय बमोजिम रहेको छ :

| शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोबार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|
| रू. ५३५ | रू. ३२० | रू. ३२६ | ५६ | ७५,९६९ |

**५. समस्या तथा चुनौती:**

बैंक तथा वित्तीय संस्थाहरु विचमा व्यापक प्रतिस्पर्धा बढेको छ । लगानीका क्षेत्र प्रयाप्त नहुनु, वाणिज्य बैंकहरुले शाखा कार्यालय विस्तारको कार्यलाई अत्याधिक आक्रमक रुपमा गर्नुका साथै लागत भन्दा न्यून व्याजदरमा कर्जा प्रवाह जस्ता कारणले प्रतिश्पर्धा वढन गई मुनाफाको सुनिश्चिततामा कठिनाई देखिएको छ । त्यस्तै दक्ष जनशक्तिको अभाव जस्ता विषय समेत समस्याको रुपमा रहेको छ । बैकले यी समस्या तथा चुनौतीको बावजुद व्यवसाय विविधिकरण, ग्राहकमुखि गुणस्तरीय सेवाको माध्यमबाट नाफा आर्जन गर्न सफल भएको छ ।

**६. संस्थागत सुशासन:**

यस विकास बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सुशाशन अभिबृद्धिकालागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न आवश्यक कार्यहरु गरेको छ । बैंकको संचालन जोखिम कम गरी कारोबारलाई चुस्त छिटो छरितो बनाउन सञ्चालक तथा व्यवस्थापन तहमा विभिन्न समितिहरु कियाशील रहेका छन् । साथै बैंकको कारोबारलाई व्यवस्थित गराउन विभिन्न नीति, नियम तथा निर्देशिकाहरु तयार गरी लागू गरिएकोले व्यवस्थापन तथा कार्यान्वयन पक्ष सवल रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछुं कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य,र पूर्ण छन् र लगानीकर्ताहरुलाई स-सूचित निर्णय लिन कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।